त्रिभुवन विश्वविद्यालय

# वीरेन्द्र बहुमुखी क्याम्पस पुस्तकालय

भरतपुर, चितवन २०७८



## परिचयः

त्रिभुवन विश्वविद्यालयको आगिंक क्याम्पस मध्येको वीरेन्द्र बहुमुखी क्याम्पस मानविकी, विज्ञान, व्यवस्थापन र शिक्षा विषयको अध्ययन अध्यापन हुने एक शैक्षिक संस्था हो र यसको स्थापना वि.सं. २०२३ सालमा भएको थियो। यस क्याम्पसको पुस्तकालय वि.सं. २०४५ साल देखि आफ्नो छुट्टै भवनमा सञ्चालन हुदै आइरहेको अवस्थामा उक्त भवन सानो भएको महशुस भैरहेको अवस्थामा तत्कालिन क्याम्पस प्रमुख श्री एल बि क्षेत्रीज्यूको पहलमा भारतीय राजदुतावास तथा भारत सरकारको सहयोगमा वि.सं. २०६४ सालमा सुविधायुक्त पुस्तकालय भवन निर्माण सम्पन्न भइ हालसम्म सञ्चालनमा रहदैआएको छ। यस क्याम्पसको क्याम्पस प्रमुखमा प्रा दयाराम पौड्यलाज्यु कार्यरत रहनुभएको छ। हाइवे सडक देखि करिव २०० मिटर भित्र क्याम्पसको मूल भवनको पूर्व उत्तर क्षेत्रमा अवस्थित पुस्तकालयमा प्राध्यापक, कर्मचारी र विद्यार्थीहरु यसका पाठक हुन्। स्थानिय पाठक र अनुसन्धानका लागि भ्रमण गर्न आउनुहुने पाठकहरुले कर्मचारीको सहायता र अनुमतिले क्याम्पसका पाठकहरुलाई वाधा नपुग्ने गरी अस्थायी एवं अल्पकालीन प्रयोग गर्न सकिने व्यहोरा सवै महानुभावहरुमा अनुरोध छ।

**विभाग र कार्यक्रमः**

| | | |
|---|---|---|
| क. नपाली | | ख. इतिहास |
| ग. अंग्रेजी | घ. गणित | ङ. अर्थशास्त्र |
| च. राजनीतिशास्त्र | छ. भौतिकशास्त्र | ज. भूगोल,संस्कृती |
| झ. प्राणीशास्त्र | ञ. बनस्पतिशास्त्र | ट. रसायनशास्त्र |
| ठ. व्यवस्थापन | ड. तथ्याङ्कशास्त्र | ढ. शिक्षाशास्त्र |
| ण.जनसंख्या अध्ययन | त. समाजशास्त्र | थ. कम्प्यूटर विज्ञान |

**कार्यक्रमः** स्नातकोत्तरतहका मानविकी तथा व्यवस्थापन कार्यक्रमका सवै विषयका कक्षाहरु प्राय सायंकालीन समयमा हुने गरेका छन भने क्याम्पसको मुलभवनको पूर्वतर्फ करिव ३०० मिटर फरकमा यसै क्याम्पसको नौविघाह क्षेत्रमा स्नातकोत्तर विज्ञान भौतिकशास्त्र र रसायनशास्त्रको पढाई भइरहेको छ । विज्ञान विषय लगायत कम्प्यूटर विज्ञानको समेत अध्ययन अध्यापन प्रात दिवा तथा सायंकालीन समयमा हुने गरेको छ।

## पुस्तकालय खुल्ने समय :

यस क्याम्पसका कर्मचारीको लागि दिउँसो २.०० वजे देखि ३.००वजे सम्म चिया खाजा समय रहेको, विदाको दिन र विशेष परिस्थितिमा बाहेक सामान्यतया कार्तिक १५ देखि माघ १५ सम्म विहान ६.०० वजे देखि साँझ ४.०० वजे सम्म र अन्य समयमा विहान ६.०० वजे देखि साँझ ५.०० वजेसम्म नियमित रुपमा खुला रहने छ ।

## पुस्तकालय सेवाहरु :(Library Services)

क.लेनदेन सेवा (Circulation Service)
ख. रेफेरेन्स सेवा (Reference Service)
ग. फोटोकपी रकम्प्यूटर प्रिन्ट सेवा (Photocopy and Print Service)(धरौटी राखेर)
घ. अनुसन्धान सेवा (Research/Thesis / Scholor Service)
ङ. पाठक गाइड सेवा(User's guide Service)
च. थेसिस अध्ययन तथा अनलाईन गर्ने सेवा (Thesis online Service)(सञ्चालनमा)
छ. पुस्तकालय सफाई सेवा (Library Clearence)
ज. विद्युतीय कार्यप्रणाली र इन्टरनेट सेवा (E-Library / Internet Service)
झ. पाठक सचेतना सेवा (Ussers Orientation Service)
ञ.पत्र-पत्रिका, जर्नल आदि अध्ययन सेवा (Periodical Service)
ट. नयाँ पुस्तक तथा जर्नलहरुको जानकारी (New Arrival Display)
ठ. अनलाइन क्याटलग (OPAC: http://birendra.elibrary.edu.np/)

## पुस्तकालय सदस्यता :

क) स्थायी सदस्यता :- नियमित विद्यार्थीहरुलाई भर्ना भएको १ महिना पश्चात र सदस्ता फारम पुस्तकालयमा दर्ता भएको मितिले ३ दिन भित्र प्रिन्ट गरी परिक्षाशाखामा पठाउने र उतैवाट ढिलोमा अर्को ३ दिन भित्र दिने व्यवस्था मिलाइने छ ।

ख) अस्थायी सदस्यता :- थेसिस प्रयोजनको लागि सम्बन्धित विभागबाट सिफारिस भैआएमा आवश्यक रकम धरौटी राखी सेवा दिने । (हाल यो सेवा सञ्चालनमा छैन)

ग) आंशिक शिक्षकहरुको लागि सम्बन्धित विभाग प्रमुख जवाफदेही रहनेगरी वा आवश्यक रकम धरौटी राखेर अस्थायी सदस्यता प्रदान गरीरनेछ।

**विलम्ब शुल्क :** जुनसुकै शिफ्टमा पनि लेनदेन गर्न सकिने भएकाले र अधिकतम पुस्तक फिर्ता मिति राखेर दिने व्यवस्था मिलाइएको हुनाले जुनसुकै विदा वा पठन पाठन वन्दको वहानामा विलम्व शुल्कमा छुट नहुने व्यवस्था रहेको।

क. विद्यार्थीको लागि ३५ दिन पश्चात् प्रति दिन प्रति पुस्तक रु.१।- का दरले विलम्ब शुल्क लाग्नेछ ।

ख. शिक्षक/कर्मचारीहरुको लागि ९० दिन पश्चात् प्रतिदिन प्रति पुस्तक रु.१।- का दरले विलम्ब शुल्क लाग्नेछ ।

## पुस्तक इस्यु हुने कोटाः

क. स्थायी शिक्षकहरुको लागि ७ थान, अस्थायी र करार शिक्षककोलागि ३ थान, आंशिक शिक्षककोलागि विभागवाट जवाफदेही सिफारीस भएमा वा धरौटी मार्फत २ थान,

ख. कर्मचारीलाई ३ थान, र

ग. विद्यार्थीहरुको लागि स्नातकोत्तर तह भौतिकशास्त्र र रसायनशास्त्रका विद्यार्थी, एवं स्नातक तह विज्ञान विषयका भूगर्भशास्त्र, माइक्रोवायोलोजी, र कम्प्यूटर विज्ञानका लागि ३ थान, व्यवस्थापनमा वि.वि.ए.,र वि.सि.ए.का विद्यार्थीहरु लगायत सबै सेमेस्टरका विद्यार्थीहरुलाई ३ थान र अन्य विद्यार्थीहरुका लागि २ थान **दण्डजरिवाना :**

क. पुस्तक च्यातिने/हराउने तथा हानीनोक्सानी भएमा बजार मूल्यको दोब्बर रकम साथै विलम्ब शुल्क भए विलम्ब शुल्क सहित असुल गर्ने ।

ख. चोरी तथा लुकाई छिपाईगर्नेको हकमा सम्बन्धित व्यक्तिबाट शोधभर्ना तथा असुल उपरगरी सदस्यता निलम्बन तथा निस्काशन जस्ता कार्य गर्नसकिने ।

ग. सूचना जारीगर्दा पनि अटेरगरी राखेमा शिक्षक /कर्मचारीहरुको हकमा ६ महिना पश्चात् प्रशासनिक कारवाहीकोलागि सिफारिस गर्न सकिनेछ भने विद्यार्थीहरुको हकमा परीक्षा फर्म भर्न रोक तथा प्रवेशपत्र वितरणको समयमा असुलउपर गर्न सकिने छ।

**पुस्तकालय भवन :** प्रवेशद्धारमा झोला राख्ने व्यवस्था, चेकजाँच तथा पुस्तकालय सुरक्षा कर्मी कक्ष, पाठक आगन्तुक दर्ता फाँट , भुइ तल्लामा (पिउने पानी, ट्वाइलेट, पुस्तक लेनदेन सेवा, पत्र-पत्रिका अध्ययन कक्ष, पुस्तकालय प्रमुखको कक्ष, पुस्तकालय सदस्यता कार्ड सम्वन्धी कार्यकक्ष, पुस्तक स्टकरुम) र पहिलो तल्लामा रेफ्रेन्स सेवा, थेसीस सेवा ई-लाइब्रेरी, अनुसन्धान कक्षा रहेका छन।माथिल्लो तलामा जानकोलागि पछाडी पट्टी ढोका तथा सिढी रहेको छ।

**Bachelors Programmed**: Humanities (B.A., BCA, BSW) Science (General B.Sc., Geology, Microbiology, CSIT, BIT,Metrology), Management ( BBS, BBA),Education( 1 Year B.Ed 3 Yrs B.Ed),BICTE

**Masters Level Programme**: Humanities (Economics, Nepali, English, Sociology and Anthropology Population), Science (Physics, Chemistry), Management (MBS)


**Contact to Authority Persons:**

Campus Chief : Prof Daya Ram Poudel : 9855019253
Library & Information officer:Mahendra P.Adhikari : 9855049575
Library Committee Head:Bhoj Raj Gauli : 9846151332

*Offici al webPage:* www.bmc.edu.np,
*E-Library :*
http://birendracampus.wordpress.com
*Fax:056-493253 Tel:056-493189,516159,493353*


BMC LIBRARY